# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०५।१५ गते।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

धनुषा जिल्लाको भरतपुर गाउँ विकास समिति अन्तर्गत नेपाली सेनाको लागि अधिग्रहण भएको गुठीको स्वामित्व रहेको जग्गामा किर्ते मोही कायम गरी मुआब्जा वितरण गरी अनियमिता/भ्रष्टाचार भएकोले संलग्नलाई कारवाही हुन भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा धनुषा जिल्लाको साविक भरतपुर गाउँ विकास समिति अन्तर्गत नेपाली सेनाको लागि अधिग्रहण भएको गुठीको नाममा रहेका जग्गाको मुआब्जा वितरण गर्ने क्रममा किर्ते मोही कायम गरी मुआब्जा वितरण गरी सरकारी सार्वजनिक निकाय गुठी संस्थानलाई नै प्राप्त हुनुपर्ने रकम हिनामिना गरी/गराई देहायका व्यक्तिहरुले देहाय बमोजिम भ्रष्टाचारजन्य कसुर गरेको पुष्टि हुन आएकोले देहाय बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

**देहायः**

१. **जिल्ला प्रशासन कार्यालय धनुषाका तत्कालीन प्रमुख जिल्ला अधिकारी एवं मुआब्जा निर्धारण समितिका अध्यक्ष बसन्तराज गौतम**ले गुठी सँस्थानकै खातामा भुक्तानी हुनुपर्ने रु.१,१४,६६,६६७।- प्रचलित कानूनी व्यवस्था विपरीतका मोही कायम हुनै नसक्ने व्यक्तिहरुलाई मोही कायम गराई बद्नियतसाथ मुआब्जा भुक्तानी गरे/गराएको पुष्टि हुन आएकोले निजले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुर भएकोले निज बसन्तराज गौतमलाई बिगो रु.१,१४,६६,६६७।- (अक्षेरुपी एक करोड चौध लाख छैसठ्ठी हजार छ सय सतसठ्ठी रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे अनुसार सोही ऐनको दफा ३(१) बमोजिम जरिवाना गरी ऐ. ऐनको दफा ३(१)(झ) बमोजिम कैद सजाय हुन र उक्त बिगो सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुनसमेत मागदाबी लिइएको छ ।

२. **गुठी संस्थान शाखा कार्यालय धनुषाका तत्कालीन कार्यालय प्रमुख राजबाबु पाण्डे, तत्कालीन सहायक प्रशासक मनोज कुमार शर्मा भनिने मनोज कुमार आचार्य र तत्कालीन वरिष्ठ लेखा सहायक हरिचन्द्र भुसाल**ले गुठी सँस्थानकै खातामा भुक्तानी हुनुपर्ने रु.१,१४,६६,६६७।- प्रचलित कानुनी व्यवस्था विपरीत र मोही कायम हुनै नसक्ने व्यक्तिहरु गायत्री देवी जयसवाल र सूर्यनारायण लाल कर्णलाई मोही कायम गरी बद्नियतसाथ मुआब्जा भुक्तानी गरे/गराएको पुष्टि हुन आएकोले निजहरु राजबाबु पाण्डे, मनोज कुमार शर्मा भनिने मनोज कुमार आचार्य र हरिचन्द्र भुसालले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुर भएकोले निजहरुलाई बिगो रु.१,१४,६६,६६७।- (अक्षेरुपी एक करोड चौध लाख छैसठ्ठी हजार छ सय सतसठ्ठी रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे अनुसार सोही ऐनको दफा ३(१) बमोजिम जरिवाना गरी ऐ. ऐनको दफा ३(१)(झ) बमोजिम कैद सजाय हुन र उक्त बिगो सोही ऐनको दफा १७ बमोजिम निजहरुबाट असुल उपर हुन समेत मागदाबी लिइएको छ ।

३. **मुआब्जा रकम बुझ्ने गायत्रीदेवी जयसवाल र निजका छोरा शत्रुधन जयसवालले** वास्तविकतालाई लुकाई छिपाई प्रचलित कानुनी प्रकृया विपरीत सिर्जित भएका मोहीयानी हकका प्रमाणपत्रका आधारमा मुआब्जा दावी गरी गैरकानूनी रुपमा भुक्तानी लिएको कारण गुठी सँस्थानलाई रु.८९,८३,३३४।—हानिनोक्सानी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ मा उल्लेखित कसुरजन्य कार्य गर्नका लागि मतियारको भूमिका खेली गुठी संस्थान शाखा कार्यालय धनुषाका तत्कालीन कर्मचारीहरु राजबाबु पाण्डे, मनोज कुमार आचार्य र हरिचन्द्र भुसाल समेतसँग मिलेमतो गरी सरकारी निकाय गुठी सँस्थानलाई नै जानुपर्ने रकम आफू समेतले लिई गुठी सँस्थानलाई हानिनोक्सानी गरी/गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मतियारको भूमिका निर्वाह गरेको पुष्टि हुन आएकोले निजहरु गायत्रीदेवी जयसवाल र शत्रुधन जयसवाललाई बिगो रु.८९,८३,३३४।—(अक्षेरुपी उनानब्बे लाख त्रियासी हजार तीनसय चौंतीस रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सोही ऐनको दफा १७ ले निर्देश गरे अनुसार सोही ऐनको दफा ३(१) बमोजिम जरिवाना गरी ऐ. ऐनको दफा ३(१)(ज) बमोजिम सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगोसमेत निजहरुबाट असुल उपर हुन मागदाबी लिइएको छ ।

४. गुठी सँस्थान शाखा कार्यालय धनुषाका तत्कालीन राजबाबु पाण्डे, मनोज कुमार आचार्य एवं हरिचन्द्र भुसाल र निजहरुसँग मिलेमतो गरी मुआब्जा भुक्तानी लिने गायत्रीदेवी जयसवालबीच विचौलियाको भूमिका निर्वाह गरी प्रतिवादी **सुमनकान्त ठाकुर**ले गुठी सँस्थानलाई रु.८९,८३,३३४।- हानिनोक्सानी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरजन्य कार्य गर्नका लागि गुठी संस्थान शाखा कार्यालय धनुषाका कर्मचारीहरुसँग मिलेमतो गरी मतियारको हैसियतले कसुर गरेको पुष्टि हुन आएकोले निज सुमनकान्त ठाकुरलाई रु.८९,८३,३३४।—(अक्षेरुपी उनानब्बे लाख त्रियासी हजार तीनसय चौंतीस रुपैयाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा २२ मा उल्लेख भएबमोजिम मतियार कायम गरी सोही दफाको प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भए बमोजिम उक्त ऐनको दफा १७ मा उल्लेख भए अनुसार उक्त ऐनको दफा ३(१) बमोजिम जरिवाना र दफा ३(१)(ज) बमोजिम कैद हुन तथा सोही दफा १७ बमोजिम बिगोसमेत निजबाट असुल उपर हुन मागदाबी लिइएको छ ।

५. प्रतिवादीहरु **उपेन्द्रलाल कर्ण कायस्थ** तथा **मनोजलाल कर्ण**ले प्रचलित कानुनी प्रकृया विपरीत सिर्जित भएका र कुनैपनि सरकारी कागजात (नेपाली नागरिकताको प्रमाणपत्र, मृत्यु दर्ताको प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र) ले आफूहरु हकवाला/नाता पुष्टि नहुने बनावटी मोहीयानी हकका प्रमाणपत्र पेश गरी/गराई सोको आधारमा सूर्यनारायण लालकर्णलाई मुआब्जा दावी गर्न लगाई, आफूहरुले मुआब्जा बुझ्न मञ्जुरीनामा दिई गैरकानुनी रुपमा रकम भुक्तानी लिई आफूहरुले समेत प्राप्त रकम बाँडफाँड गरेको गुठी सँस्थानलाई रु.२४,८३,३३३।—हानिनोक्सानी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरजन्य कार्य गर्नका लागि गुठी संस्थान शाखा कार्यालय धनुषाका तत्कालीन कर्मचारीहरु राजबाबु पाण्डे, मनोज कुमार आचार्य र हरिचन्द्र भुसाल समेतसँग मिलेमतो गरी मतियारको भूमिका खेली गुठी सँस्थानलाई नै जानुपर्ने रकम आफू समेतले लिई गुठी सँस्थानलाई हानीनोक्सानी गरी/गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मतियारको हैसियतले कसुर गरेको पुष्टि हुन आएकोले निजहरु उपेन्द्रलाल कर्ण कायस्थ र मनोजलाल कर्णलाई रु.२४,८३,३३३।— (अक्षेरुपी चौवीस लाख त्रियासी हजार तीनसय

तेत्तीस रुपैयाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले हुने सजायमा ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सोही ऐनको दफा ३(१) बमोजिम जरिवाना गरी ऐ. ऐनको दफा ३(१)(च) बमोजिम सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगोसमेत निजहरुबाट असुल उपर हुन मागदाबी लिइएको छ ।

६. प्रतिवादी **सूर्यनारायण लालकर्ण**ले प्रचलित कानुनी प्रकृया विपरीत सिर्जित भएका र कुनैपनि सरकारी कागजात (नेपाली नागरिकताको प्रमाणपत्र, मृत्यु दर्ताको प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र) ले आफू हकवाला/नाता पुष्टि नहुने बनावटी मोहीयानी हकका प्रमाणपत्र पेश गरी/गराई सोको आधारमा मुआब्जा दावी गरी गैरकानूनी रुपमा भुक्तानी लिएको कारण गुठी सँस्थानलाई रु.२४,८३,३३३।—हानिनोक्सानी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरजन्य कार्य गर्नका लागि गुठी संस्थानका कर्मचारीहरु राजबाबु पाण्डे, मनोज कुमार आचार्य र हरिचन्द्र भुसाल समेतसँग मिलेमतो गरी मतियारको भूमिका खेली गुठी सँस्थानलाई हानिनोक्सानी गरी/गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मतियारको भूमिका निर्वाह गरेको पुष्टि हुन आएकोले निज सूर्यनारायण लालकर्णलाई बिगो रु.२४,८३,३३३।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सजाय हुन मागदाबी लिनुपर्ने अवस्था रहेको भएतापनि निजको मृत्यु भैसकेको देखिँदा अपराधीसंगै अपराध पनि मर्दछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तको साथै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ को उपदफा (२) र दफा १५८ को उपदफा (२) सहितको कानूनी व्यवस्था बमोजिम निजलाई कैद र जरिवाना हुन नसक्ने तर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४६ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३३ को उपदफा (२) र दफा १५८ को उपदफा (२) बमोजिम मृत्यु भएका व्यक्तिको हकमा समेत सरकारी वा निजी बिगो, क्षतिपूर्ति वा बिगो रकम भराउन सकिने कानूनी व्यवस्था रहेकोले उल्लिखित बिगो असुल उपर प्रयोजनको लागि प्रचलित कानुन बमोजिम निजको एकासगोलका अंशियारहरु एवं निजका हकवालाहरु **भाई उपेन्द्रलाल कर्ण कायस्थ, श्रीमती बिन्दादेवी कर्ण र छोरा मनोजलाल कर्ण**बाट बिगो असुल उपर गर्ने प्रयोजनको लागि मात्र मागदाबी लिइएको छ ।

७. गायत्रीदेवी जयसवालले गैरकानूनी रुपमा भुक्तानी लिएको मुआब्जा रकम गुठी सँस्थानको नाममा फिर्ता गरीपाउँ भनी उच्च अदालत जनकपुरमा दायर भएको मुद्धामा **जिल्ला अदालत धनुषाका तत्कालीन तामेल्दार डि.हविव साह, गुठी संस्थान शाखा कार्यालय धनुषाका तत्कालीन कार्यालय सहयोगी कामेश्वर राय र लेखापढी व्यवसाय गर्ने प्रमोद कुमार कर्णको** मिलेमतोमा अदालतबाट जारी भएको म्याद सूचना गलत किसिमले गलत कार्यालय/ठेगानामा तामेल गरी/गराई सो म्याद सूचना गुठी सँस्थान शाखा कार्यालय धनुषा तथा जिल्ला प्रशासन कार्यालय धनुषाका अधिकार प्राप्त अधिकारी समक्ष पुग्न नदिने उद्धेश्यले अदालती कारबाहीका सरकारी कागजातहरु लुकाई छिपाई/नष्ट गरी गुठी सँस्थान शाखा कार्यालय धनुषा तथा जिल्ला प्रशासन कार्यालय धनुषाबाट लिखित जवाफ एवं अन्य कागजात अदालतमा जानबाट रोक्ने, गुठी सँस्थानलाई पुगेको हानिनोक्सानी अदालतबाट फिर्ता गराउन नदिने, गायत्रीदेवी जयसवालकै पक्षमा फैसला गराउने र गायत्रीदेवी जयसवाल लगायत आफूहरुलाई फाइदा एवं गुठी सँस्थानलाई हानिनोक्सानी पुऱ्याउने बदनियतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ को कसुरजन्य कार्य गरेको पुष्टि हुन आएकोले निजहरु डि.हविव साह र कामेश्वर रायको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिम कैद र जरिवाना हुन मागदाबी लिइएको छ ।

साथै **लेखापढी व्यवसायी भनिएका प्रमोद कुमार कर्ण**ले अदालतबाट प्राप्त म्याद सूचना लगायतका सरकारी कागजात म्याद सूचनामा नाम उल्लेख भएको निकायलाई विधिवत तवरमा तामेली गर्नुपर्नेमा त्यसो नगरी तत् कागजात लुकाई छिपाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ मा उल्लेख भए बमोजिमको कसुरजन्य कार्य गर्नको लागि जिल्ला अदालत धनुषाका तत्कालीन तामेल्दार डि.हविव साह र गुठी संस्थान शाखा कार्यालय धनुषाका तत्कालीन कार्यालय सहयोगी कामेश्वर रायसँग मिलेमतो गरी अदालतको म्याद सूचना लुकाउन वा नष्ट गर्न मतियारको भूमिका खेली भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको कसुरमा सोही ऐनको दफा २२ बमोजिम मतियारको भूमिका निर्वाह गरेको पुष्टि हुन आएकोले निजलाई सोही ऐनको दफा १२ ले हुने सजायमा ऐ. ऐनको दफा २२ अनुसार सजाय हुन मागदाबी लिइएको छ ।

प्रवक्ता
श्याम प्रसाद भण्डारी